# एक जिल्ला एक घाँसेबाली स्रोतकेन्द्र स्थापना तथा संचालन कार्यबिधि, २०७३

**प्रस्तावना**

पशुपालन ब्यवसायलाई बढी ब्यबसायिक तथा प्रतिस्पर्धी ब्यबसायको रुपमा बिकास गर्न उत्पादन लागत घटाउने कार्य प्रमुख चुनौतिको रुपमा रहेको देखिन्छ । खासगरी दुध, मासु र उनको उत्पादन लागत घटाउन घाँसमा आधारित पशुपालन अपरिहार्य आवश्यकता हो । यसको लागि उन्नत घाँस खेतीलाई ब्यापकता दिदै कृषकलाई आबश्यक पर्ने गुणस्तरीय घाँसको बीउ/सेट्स/स्लीपको उत्पादन र वितरण जिल्ला भित्र नै सुनिश्चित गर्ने हेतुले नेपाल सरकारको एक जिल्ला एक घाँसेबाली स्रोतकेन्द्र स्थापना तथा संचालन कार्यक्रम एवं पशुपंक्षी बिकास मंत्रालयले जारी गरेको ४० बुंदे प्रतिबद्धता अनुसार एक जिल्ला एक घाँसेबाली स्रोतकेन्द्र स्थापना तथा संचालन गर्ने कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शि रुपमा संचालन गर्न यो कार्यबिधि जारी गरिएको छ ।

१. प्रारम्भिकः

क) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम "एक जिल्ला एक घाँसेबाली स्रोतकेन्द्र स्थापना तथा संचालन कार्यविधि, २०७३" रहेको छ ।

२. यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ ।

ख) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ ।

ग) "निर्देशनालय" भन्नाले पशु उत्पादन निर्देशनालय सम्झनु पर्नेछ ।

घ) "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनु पर्नेछ ।

ङ) "कार्यदल" भन्नाले जिल्ला पशु विकास कार्यदल सम्झनु पर्नेछ ।

च) "कार्यविधि" भन्नाले "एक जिल्ला एक घाँसेबाली स्रोतकेन्द्र स्थापना तथा संचालन कार्यबिधि, २०७३" सम्झनु पर्नेछ।

३. उद्देश्य

१. कृषकहरुलाई आबश्यक पर्ने बिभिन्न घाँसका बीउ/सेट्स/स्लीप/बेर्नाहरु जिल्ला भित्र नै उपलब्धताको सुनिश्चित गर्ने ।

२. पशु उत्पादकत्व (दुध, मासु)मा बृद्धि गर्ने ।

३. पशु उत्पादनमा लाग्ने खर्च कम गर्ने ।

४. बिभिन्न घाँसेबालीको बीउको राष्ट्रिय आबश्यकता पहिचान गरी सोहि अनुसारको स्रोत केन्द्रको बिकास तथा बीउको बढ्दो मागलाई ब्यबस्थित तरीकाबाट आपुर्ति ब्यबस्था मिलाउन कृषक समुह/समिति/सहकारीहरुलाई परिचालन गरि गुणस्तरीय बीउ उत्पादन र वितरण गर्ने ।

४. कार्यक्रम संचालन हुने जिल्ला : ७५ जिल्ला

५. कार्यक्रम संचालन गर्दा अपनाउन पर्ने कार्यबिधि :

राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रले तोकेको भौगोलिक क्षेत्र अनुसार कार्यक्रम संचालन गर्न तोकिएका जिल्लाका कार्यालयले निम्न बमोजिम जिल्लामा तोकिएका मापदण्ड पूरा भएका कृषक/समुह/समिति/सहकारी छनौट गरी कार्यक्रम संचालन गर्नु पर्नेछ :

क) प्रत्येक जिल्लाले कम्तिमा एक उपयुक्त स्थानमा घाँसेबाली स्रोत केन्द्र स्थापना तथा संचालन गर्नुपर्ने छ ।

ख) कृषक/समुह/समिति/सहकारी बिधिबत रुपमा सम्बन्धित निकायमा वा कार्यालयमा दर्ता तथा नबिकरण भएको हुनुपर्छ ।

ग) कृषक समुहको हकमा कम्तीमा १० जना सदस्य हुनुपर्छ ।

घ) बीउ उत्पादक कृषक समुह गठन गर्दा संभाव्यताको आधारमा महिला, दलित, न्यून आयस्रोत भएका सिमान्तकृत समुह, युवा जस्ता समुहलाई प्राथमिकता दिनुपर्नेछ, तर यस्तो समुह, सहकारि, समितिमा अधिकतम महिलाको सहभागिता हुनुपर्नेछ ।

ङ) घाँस खेतीमा ब्यबसायोन्मुख भएका कृषक/समुह/समिति/सहकारीहरुलाई प्राथमिकता दिईनेछ ।

च) घाँसेबाली स्रोत केन्द्र स्थापना कार्यक्रम संचालनको लागि सम्बन्धित कार्यालयले कृषक/समुह/समिति/सहकारीहरुलाई दरखास्तको लागि सुचना आव्हान गर्नेछ । यसरी रीतपुर्बक पर्न आएका निबेदनहरुको छनौट सम्बन्धित जिल्ला पशु बिकास कार्यदलबाट हुनेछ । उच्च पहाडी जिल्लाहरुको हकमा उपयुक्त चरन खर्कको छनौट गरी कार्यक्रम संचालन गर्न सकिने छ ।

छ) कार्यदलबाट छनौट भएका कृषक समुह/समिति/सहकारीसंग कार्यालयले अनुसुची १ अनुसार सम्झौता गर्नेछ

ज) बीउ बृद्धिबाट उत्पादित घाँसको बीउको बजार ब्यबस्था कृषक समुह/समिति/सहकारी आफैले गर्नुपर्नेछ । तर यस सम्बन्धि अन्य आबश्यक सहयोग सम्बन्धित निकायबाट हुनेछ ।

झ) बीउ बृद्धिमा संलग्न कृषकहरुले बीउ उत्पादन प्रबिधि अनुसार नै बीउ उत्पादन गर्नुपर्नेछ । यस सम्बन्धि तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रम सम्बन्धित निकायले गर्नेछन् ।

ञ) छनौट भएका कृषक समुह/समिति/सहकारीले जिल्लाको माग बमोजिम घांस खेती तथा घाँसेबालीको बीउ/सेट्स/स्लीपको उत्पादन गर्नुपर्नेछ ।

ट) यसरी स्थापना गरिएका घाँसका स्रोतकेन्द्रहरु भबिश्यमा प्रदर्शन, तालिम तथा उपयुक्त जातहरुको बिस्तार तथा प्रसारको लागि प्रयोग गर्न सकिनेछ ।

ठ) छनौट भएका कृषक समुह/समिति/सहकारीले आफ्नो नीजि जग्गा, खरबारी, बारीको डीलकान्ला, बगैचा भित्र, सार्बजनिक जग्गा, बाटोको छेउछाउ, सामुदायिक बन, कबुलियति बन आदिमा घाँस खेती गर्न सक्नेछन् ।

ड) छनौट भएका कृषक समुह/समिति/सहकारीले हिउदे/बर्षे/बहुबर्षिय गरि कम्तिमा पनि ६ किसिमका घाँसका जातहरुको खेती तथा बीउ/सेट्स/स्लीपको उत्पादन गर्नुपर्नेछ । साथै चरन तथा घाँसेबाली अनुसन्धान महाशाखाले सिफारीस गरे अनुसारका घाँसका जातहरु हुनुपर्ने छ ।

ढ) छनौट भएका कृषक समुह/समिति/सहकारीले घाँसेबाली स्रोतकेन्द्र स्थापनाको लागि प्रमाणित बीउको प्रयोग गर्नुपर्नेछ ।

ण) एउटा कृषक समुह/समिति/सहकारीले तराईमा कम्तिमा ४ हेक्टर, पहाडमा २ हेक्टर र उच्च पहाडमा १ हेक्टरमा घाँस खेती तथा बीउ बृद्धि कार्यक्रम संचालन गर्नुपर्ने छ । उच्च पहाडी क्षेत्रमा चरन खर्क कृषक/उपभोक्ता समुह मार्फत कृषकहरुलाई १० हेक्टरमा घाँस खेती गर्न विउ उपलब्ध गराइनेछ ।

त) एउटा समुहले मात्र घाँसेबाली स्रोत केन्द्र स्थापना कार्यक्रम संचालन गर्न नसकेको खण्डमा नजिकको २/४ समुह मिलेर पनि यस्तो कार्यक्रम संचालन गर्न सकिनेछ तर त्यस्तो अबस्थामा दिईने सुबिधाहरु एउटै समुहको हिसाबले सबै समुहहरुमा समानुपातिक रुपमा दिईनेछ ।

थ) छनौट भएका कृषक समुह/समिति/सहकारीलाई घाँसको नर्सरी स्थापना, सिंचाई ब्यबस्थापन, घाँस खेती सम्वन्धि यान्त्रिकरण खरिद, बीउ भण्डारण तथा संचय, थ्रेसिंग फ्लोर निर्माण, घाँसको बीउ/सेट्स/स्लीप/वेर्नाहरु खरिद आदि कार्यको लागि अधिकतम ७० प्रतिशतसम्म अनुदानको ब्यबस्था गरिनेछ ।

द) घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यक्रम संचालन तथा स्थापनाको लागि नेपाल सरकारबाट प्राप्त अनुदान बिबरणलाई सम्बन्धित सबै निकायले सार्बजनिकीकरण गरेको हुनुपर्ने छ ।

ध) पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रममा समावेश भएको घाँसको श्रोत केन्द्र यस कार्यक्रममा समावेश हुने छैन ।

## ६) कार्यक्रममा संलग्न निकायहरु र तिनको जिम्मेवारी

### ६.१ कृषक /समुह/समिति/सहकारी :

क) उपयुक्त घाँसको बीउ/सेट्स/स्लीपको उत्पादन बृद्धि गरी श्रोत केन्द्रको रुपमा काम गर्ने ।

ख) समुह/समितिको आचार संहिता बनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयमा दर्ता तथा नबिकरण गराउने

ग) घांसको श्रोतकेन्द्र सम्बन्धि चौमासिक प्रगति सम्वन्धित पशु सेवा केन्द्रमा पठाउने ।

घ) घांसको उत्पादकत्व तथा सो वाट पशु उत्पादनमा परेको प्रभाव सम्बन्धि अनुगमन तथा मुल्यांकनमा सहयोग गर्ने ।

ङ) गुणस्तरीय बीउ उत्पादन, प्रशोधन, प्रयोगशाला परिक्षण, प्याकेजिङ्ग गरी ट्यागिङ वा यथार्थ संकेत पत्र लगाई बिक्री बितरण गर्ने ।

च) समुह/समितिको बैठक प्रत्येक महिनाको एक पटक बस्नेछ ।

छ) कार्यबिधिले तोके अनुसार अन्य सबै कार्य गर्ने ।

### ६.२ पशु सेवा केन्द्र :

क) आफ्नो कार्यक्षेत्रको मातहतमा रहेका कृषक समुह/समिति/सहकारीले संचालन गरेका घाँसको श्रोतकेन्द्रहरुको नियमित निरीक्षण, अनुगमन तथा आबश्यक प्राबिधिक सेवा उपलब्ध गराउने ।

ख) घाँस श्रोतकेन्द्र स्थापना तथा संचालन सम्बन्धि कुनै समस्या तथा सल्लाह सुझाब भए जिल्ला पशु सेवा कार्यालयलाई जानकारी गराउने ।

ग) कृषक/ समुह/समिति/सहकारीबाट मासिक प्रगति संकलन गरी जि.प.सेका.मा मासिक प्रगति प्रतिबेदन पठाउने ।

घ) आफ्नो कार्यक्षेत्र भित्र रहेका घाँसेबालीको बीउको माग र उत्पादन बिबरण ठिक समयमा नै संकलन गरि जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

### ६.३ जिल्ला पशु सेवा कार्यालय :

क) लक्षित बर्गको माग र आबश्यकतालाई ध्यानमा राखी आबश्यक कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने ।

ख) पशु बिकास कार्यदलबाट छानिएका कृषक समुह/समिति/सहकारीसंग सम्झौता समन्वय गरि दिगो रुपमा घाँस श्रोतकेन्द्र स्थापना तथा संचालन गर्ने ।

ग) पशु बिकास कार्यदलको निर्णय अनुसार कृषकहरुलाई बितरण गरिने घाँसको बीउको गुणस्तर सम्बन्धित बीउ बिजन प्रयोगशालाबाट परिक्षण गराएर मात्र खरिद तथा बितरण कार्य गर्ने गराउने ।

घ) जिल्ला भित्र बीउको माग आपुर्ति बिबरण सम्बन्धित क्षेत्रिय पशु सेवा निर्देशनालय मार्फत राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा पठाउने ।

ङ) घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यक्रम सम्बन्धि मासिक, चौमासिक तथा बार्षिक प्रगति प्रतिबेदन राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र तथा सम्बन्धित क्षेत्रिय पशु सेवा निर्देशनालयमा पठाउने ।

च) घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यक्रम संचालनको लागि कृषक समुह/समिति/सहकारीलाई कार्यबिधिले तोके अनुसारको सहयोग गर्ने ।

**६.४ चरन तथा घाँसेबाली बीउ बृद्धि फार्महरु :**

क) सुचिकृत घाँसेबाली जातकाहरुको मूल बीउ उत्पादन गर्ने ।

ख) कृषक/ समुह/समिति/सहकारी मार्फत घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यक्रम कार्यान्वयनको लागि आबश्यक पर्ने कार्यक्रम समाबेश गर्ने ।

ग) जिल्ला पशु सेवा कार्यालय अन्तरगत संचालित घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यक्रमको लागि आबश्यक प्राबिधिक सेवा पुर्याउने ।

**६.५ राईजोबियम प्रयोगशाला :**

क) कृषक /समुह/समिति/सहकारी मार्फत घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने कार्यक्रम समाबेश गर्ने ।

ख) जिल्ला पशु सेवा कार्यालय अन्तरगत संचालित घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यक्रमको लागि आबश्यक प्राबिधिक सेवा पुर्याउने ।

ग) कोशे घाँसको जात अनुसार आबश्यक राईजोबियम उत्पादन तथा बितरण गर्ने ।

**६.६ क्षेत्रीय पशु सेवा निर्देशनालय**

क) कार्यक्रम सफलतापुर्बक सम्पन्न गर्न जिल्ला पशु सेवा कार्यालयहरुलाई आबश्यक निर्देशन दिने ।

ख) जिल्लामा संचालित एक जिल्ला एक घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यक्रमको निरीक्षण अनुगमन गरी सो को प्रतिबेदन चौमासिक रुपमा आबश्यक सुझाब सहित राष्ट्रिय चरन तथा पशु आहारा केन्द र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

**६.७ राष्ट्रिय चरन तथा पशु आहारा केन्द :**

क) केन्द्रिय निकाय अन्तरगतका सरोकारवाला कार्यलयहरुसंग समन्वय गरि कार्यक्रम संचालन गर्ने ।

ख) सबै जिल्लाहरुबाट प्राप्त घाँसेबाली स्रोतकेन्द्रहरुको बिवरण अध्याबधिक गर्ने ।

ग) कार्यक्रमको नियमन, अनुगमन तथा मुल्यांकनको ब्यवस्था मिलाउने र सो को प्रतिबेदन सम्बन्धित निकायमा पठाउने ।

घ) राष्ट्रिय स्तरमा घाँसको बीउको माग र आपुर्तिको बिवरण दुरुस्त राखी जिल्लाको माग अनुसारको बीउको श्रोत निर्धारण गर्ने ।

ङ) आबश्यकता अनुसार जिल्लाहरुलाई प्राबिधिक परामर्श तथा अन्य सल्लाह सुझाब दिने ।

च) कार्यक्रमको मासिक चौमासिक र बार्षिक प्रगति प्रतिबेदन कम्पाईल गरी पशु उत्पादन निर्देशनालयमा पठाउने ।

**६.८ पशु उत्पादन निर्देशनालय :**

क) कार्यक्रम संचालनको लागि समन्वय तथा सहजीकरणको भूमिका निर्बाह गर्ने ।

ख) कार्यक्रम संचालनको लागि बजेट तथा कार्यक्रम तय गर्न आवश्यक सहयोग गर्ने गराउने ।

ग) नियमन तथा अनुगमन गर्ने गराउने ।

७. एक जिल्ला एक घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यविधि कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक नर्मस

| क्र.स. | कार्यक्रम | प्रस्तावित आर्थिक नर्मस | कैफियत |
|---|---|---|---|
| १. | एक जिल्ला एक घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यविधि | १) सुचना प्रकाशन<br><br>२) प्रस्ताव संकलन र छनौट<br><br>३) छनौट भएका कृषक समुह/समिति/सहकारीलाई घाँसको नर्सरी स्थापनाको लागि ७० प्रतिशत सम्म अनुदानको ब्यबस्था गर्ने ।<br><br>४) छनौट भएका कृषक समुह/समिति/सहकारीलाई घाँसको सिंचाई ब्यबस्थापनको लागि ७० प्रतिशत सम्म अनुदानको ब्यबस्था गर्ने ।<br><br>५) छनौट भएका कृषक समुह/समिति/सहकारीलाइ घाँस खेतीको लागि यान्त्रिकरण खरिद सम्बन्धि ७० प्रतिशतसम्म अनुदानको ब्यबस्था गर्ने ।<br><br>६) छनौट भएका कृषक समुह/समिति/सहकारीलाइ बीउ भण्डारण तथा संचय सम्बन्धि ७० प्रतिशत सम्म अनुदानको ब्यबस्था गर्ने ।<br><br>७) छनौट भएका कृषक समुह/समिति/सहकारीलाइ थ्रेसिंग फ्लोर निर्माण कार्यको लागि ७० प्रतिशत सम्म अनुदानको ब्यबस्था गर्ने ।<br><br>८) छनौट भएका कृषक समुह/समिति/सहकारीलाइ घाँसको बीउ/सेट्स/स्लीप खरिद आदि कार्यको लागि ७० प्रतिशत सम्म अनुदानको ब्यबस्था गर्ने । | १) राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र/जि.प.से.का.<br>२) सम्बन्धित जि.प.से.का.ले गर्ने ।<br>३) नर्सरीको लागि टहरा निर्माण, नर्सरी प्लट स्थापना, सिंचाई सामाग्री खरिद आदि कार्यको लागि ।<br>४) पाईप, मोटर, हजारी, पम्पसेट, पानी ट्यांकी खरिद वा निर्माण आदि कार्यको लागि ।<br>५) थ्रेसर, हारभेस्टर, ह्वील ब्यारो, रोटराभेटर, पावर टिलर, ह्यारो, प्लो, सिड ड्रिलर आदि कार्यको लागि ।<br>६) सिड बीन खरिद, स्टोर हाउस निर्माण आदि कार्यको लागि ।<br>७) थ्रेसिंग फ्लोर निर्माण कार्यका लागि ।<br>८) घाँसको बीउ/सेट्स/स्लीप खरिद तथा ढुवानीको लागि । |

८. आर्थिक प्रशासन सेवाः

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

९. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

१०. थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यविस्थत र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## अनुसुचि १

कृषक समुह/समिति/सहकारीसंगको सम्झौता पत्र

**जिल्ला पशु सेवा कार्यालय, ........... तथा ........................................................................................**

**बीच घाँसको श्रोत केन्द्र स्थापनाको लागि भएको द्विपक्षिय सम्झौता**

जिल्ला पशु सेवा कार्यालय, .......... को बार्षिक कार्यक्रम अनुसार **एक जिल्ला एक घाँसेबाली स्रोतकेन्द्र स्थापना कार्यक्रम** संचालन गर्न जिल्ला पशु सेवा कार्यालय ........... (यसपछि प्रथम पक्ष भनिने) र श्री ................ ................................................ ........................................(यसपछि दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु मन्जुर भई द्विपक्षिय सम्झौता सम्पन्न भयो ।

तपशिल

१) प्रस्ताबित घाँसको श्रोत केन्द्र स्थापना .................... जिल्ला ..................गा.बि.स./न.पा. ......... वडा न. मा मिति .................. सम्ममा सम्पन्न गरिनेछ ।

२) प्रथम पक्षले घाँसको श्रोत केन्द्र स्थापनाको लागि दोश्रो पक्षलाई बढीमा रु......................( अक्षरुपी...........................................) बराबरको आर्थिक सहयोग प्रदान गर्नेछ ।

३) दोश्रो पक्षले घाँसको श्रोतकेन्द्र स्थापनाको लागि गरिने सम्पूर्ण कार्यहरु गरी बिल भरपाईहरु तथा कार्य प्रगति प्रतिबेदन बुझाए पश्चात प्रथम पक्षले स्थलगत अनुगमन गरि मनासिब ठहरेमा मात्र सम्झौता मुताबिकको रकम दोश्रो पक्षलाई भुक्तानी दिनेछ ।

४) दोश्रो पक्षले कम्तीमा ..... हेक्टर क्षेत्रफलमा बिभिन्न उन्नत घाँसहरु लगाई बीउ/सेट्स/स्लीपहरु उत्पादन गर्नुपर्ने छ ।

५) प्रथम पक्षबाट उपलब्ध गराईएको रकमबाट दोस्रो पक्षले घाँस खेतीका लागि सिंचाईको ब्यबस्था, घाँसको डेमोन्स्ट्रेसन प्लट निर्माण, घाँसको बीउ/सेट्स/स्लीप खरिद, बिभिन्न पशु आहारा सम्बन्धि यान्त्रीकरण खरिद, बीउ भण्डारण सम्बन्धि कार्यक्रम, थ्रेसिंग फ्लोर निर्माण आदि कार्यक्रमहरुमा खर्च गर्न सक्नेछ ।

६) घाँसको श्रोत केन्द्र स्थापना भएको स्थानमा सबैले देख्ने गरि अनिवार्य रुपमा श्रोत केन्द्रको नाम, ठेगाना, घाँसको बिवरण, सहयोगी निकायको नाम आदि उल्लेखित बोर्ड राख्ने कार्य दोश्रो पक्षले गर्ने छ ।

७) सम्झौता मुताबिक कार्य नभएमा वा उपलब्ध श्रोत साधनको दुरुपयोग भएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा संझौता भंग गरि दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

८) सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित नियम, कानुन र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

| **दोश्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नाम | नाम |
| पद | पद |
| कार्यालय | कार्यालय |
| **साक्षी** | **साक्षी** |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम | नाम |
| पद | पद |
| कार्यालय | कार्यालय |

इति सम्बत...........................साल......................महिना..............गते रोज..................शुभम् ।

अनुसूची २

दरखास्त/आबेदन फारमको ढांचा

१.कृषक/समुह/समितिको नाम :

२.कृषक/अध्यक्षको नाम :

३.ठेगाना :

क) जिल्ला : ख) गा.वि.स./न.पा. : ग) वडा न :

४ लगाउने घांसको किसिम :

५. लगाउने घांसको जात :

६.घांसको वीउ ल्याउने श्रोत :

७.घाँस लगाउने क्षेत्रफल :

८.जग्गाको स्वामित्व (नीजि/सार्बजनिक/भाडा) :

१०. अनुमानित वीउ/बेर्ना/सेट्स उत्पादन प्रति वर्ष :

११. वीउ/बेर्ना/सेट्स उत्पादन प्रयोजन :

१२. सिंचाईको श्रोतको अबस्था :

१३. लाभान्वीत घरधुरी :

१४. सरकारी/नीजि निकायबाट बिगत २ बर्ष भित्र यहि प्रकृतिको अनुदान पाए/नपाएको :

१५. स्रोतकेन्द्रले सेवा पुर्‍याउने क्षेत्र (Coverage area) :

१६) भाबी कार्ययोजना :

सम्पर्क ब्यक्तिको नाम :

सम्पर्क नम्बर :

दस्तखत :

मिति :